# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा,गुल्मी

प.स. ०७८/७९
च.नं.

लुम्बिनी प्रदेश,नेपाल
मिति :२०७८/०८/१०

**पकेट विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना**
**सूचना प्रकाशित मिति :२०७८/०८/१०**

छत्रकोट गाउँपालिकाको आ. व.२०७८/०७९को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सुन्तलाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन हुने भएकोले इच्छुक कृषक समूह,कृषि सहकारी वा कृषि फर्महरुले निर्धारित ढाँचामा आवेदन/प्रस्ताव तयार गरी आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा कृषि विकास शाखामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन फारम यस कार्यालय र सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

**नोटः सुन्तला पकेट संचालनको लागि न्युनतम क्षेत्रफल ४ (चार) हेक्टर ७९ रोपनी हुनुपर्ने छ ।**

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

- अनुसूची ६ बमोजिमको आवेदन फारम,
- पकेट समन्वय समितिको दर्ता तथा नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि ,
- समूह संस्थाको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,
- प्रस्तावना पेश गर्ने आधिकारिक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- कार्यक्रम संचालन हुने स्थान (जग्गाजमिन)को स्वामित्व खुल्ने कागजात वा भाडामा लिएको भएमा कम्तिमा (पाँच) वर्षको सम्झौता प्रतिलिपि,
- अनुसूची ७,१० बमोजिमको पकेट क्षेत्र मागको लागि आधारभूत तथ्यांक फारम,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- पकेट कार्यक्रम माग गर्ने समूह/सहकारी/फर्मको निर्णयको प्रतिलिपि,
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि|

**थप जानकारीको लागि कृषि सेवा शाखा (९८६७३३४६२१-सपना भण्डारी)मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै अनुसूची ६,७ र १० सम्बन्धित वडा कार्यालय वा कृषि सेवा शाखाबाट प्राप्त गर्न सकिने छ ।**

कृषि सेवा शाखा

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत